यो आकाशवाणी हो

प्रस्तुत छन् प्रमुख समाचार

- प्रधानमन्त्रीले टोक्योकमा लिनुभयो पन्द्रौं भारत-जापान वार्षिक शिखर सम्मेलनमा भाग
- गृह मन्त्रीद्वारा गोलाप बोरबोराको जन्म शताब्दी समारोहको शुभारम्भ
- भारतको GDP अप्रेल-देखि जून तीन महिनामा सात दशमलौ आठ प्रतिशतको दरले बढ्ने अनुमान
- विद्युत मन्त्रालयद्वारा राज्य ऊर्जा दक्षता सूचकांक 2024 जारी अनि
- TRAI-द्वारा नेटवर्कको गुणवत्तामा सुधारका लागि आठ डिजिटल कनेक्टिविटी रेटिङ एजेन्सीलाई स्वीकृति

अब समाचार विस्तारमा

- **India-Japan Summit**

प्रधानमन्त्री नरेन्द्र मोदीले टोक्योकमा जापानका प्रधानमन्त्री शिगेरु इशिबा-सित पन्द्रौं भारत-जापान वार्षिक शिखर सम्मेलनमा भाग लिनुभयो। यस शिखर सम्मेलनअवधि दुवै नेताले द्विपक्षीय सम्बन्धका सबै पक्षहरूको समीक्षा गर्नका साथै विशेष रणनीतिक र वैश्विक साझेदारीको आगामी चरणलाई अघि बढाउने तरिकामाथि चर्चा गर्नुभयो। संयुक्त संवाददाता सम्मेलनलाई सम्बोधन गर्दै प्रधानमन्त्री श्री मोदीले उहाँको बातचीत लाभदायक र सार्थक रहेको बताउनुभयो। उहाँले भन्नुभयो, दुवै पक्ष भारत-जापान सहभागिता विश्व शान्ति र स्थिरताका लागि अनिवार्य छ भन्ने कुरामा सहमत छन्। श्री मोदीले भन्नुभयो

एउटा बयानमा जापानका प्रधानमन्त्रीले भन्नुभयो, भारतले नवाचारको माध्यमबाट समग्र विश्वमा परिवर्तन ल्याइरहेछ। उहाँले भन्नुभयो, पूरक र आपसी सम्बन्ध भारत र जापान दुवैका लागि लाभदायक छ।

यसअघि, श्री मोदीले जापानको संसदका अध्यक्ष फुकुशिरो नुकागा र जापानका संसद सदस्यहरूसित भेट गर्नुभयो।

--------------------------------------X-------------------------------------

- **Amit Shah-Brahmaputra Wing**

केन्द्रिय गृह मन्त्री अमित शाहले आज गुवाहाटीमा श्रीमन्त शंकरदेव कलाक्षेत्र अन्तरराष्ट्रिय सभागारमा असमका पहिलो गैर-कंग्रेसी मुख्यमन्त्री, गोलाप बोरबोराको वर्षभरि चल्ने

जन्म शताब्दी समारोहको शुभारम्भ गर्नुभयो। यस अवसरमा उहाँले भन्नुभयो, गोलाप बोरबोरा एक दूरदर्शी समाजवादी नेता, स्वतन्त्रता सेनानी र असमका महान मुख्यमन्त्री हुनुहुन्थ्यो, जसले जनताको कल्याणका लागि काम गर्नुभयो। श्री शाहले भन्नुभयो, असमको सामाजिक-आर्थिक विकासमा गोलाप बोरबोराको योगदान अतुलनीय छ, किनभने उहाँको कार्यकालअवधि राज्यमा धेरै महत्त्वपूर्ण संस्थान स्थापित गरियो, तथापि उहाँ कम समयका निम्तिमात्र मुख्यमन्त्री रहनुभयो। श्री शाहले यस अवसरमा गोलाप बोरबोराको जीवनमा आधारित एउटा पुस्तकको पनि विमोचन गर्नुभयो।

यसअघि, आज केन्द्रिय गृह मन्त्रीले गुवाहाटीमा राजभवनको नवनिर्मित ब्रह्मपुत्र विङ्को उदघाटन गर्नुभयो अनि पछि गोलाघाटमा राष्ट्रिय साइबर फोरेन्सिक प्रयोगशालाको E-उदघाटन र सशस्त्र बलका विभिन्न विकास परियोजनाहरूको शिलान्यास र उदघाटन गर्नुभयो।

--------------------------------------X--------------------------------------

- **India-GDP**

भारतको वास्तविक सकल घरेलू उत्पाद (GDP) वित्त वर्ष 2025-26-को अप्रेल-देखि जून तीन महिनामा सात दशमलौ आठ प्रतिशतको दरले बढ्ने अनुमान छ, जुन पाँच त्रैमासिकमा सबैभन्दा अधिक हो। गत वित्त वर्षको चौथो त्रैमासिकमा GDP सात दशमलौ चार प्रतिशत रहेको थियो, जबकि पछिल्लो वित्त वर्षको पहिलो त्रैमासिकमा यो छह दशमलौ पाँच प्रतिशत थियो। सांख्यिकी तथा कार्यक्रम कार्यान्वयन मन्त्रालयद्वारा आज जारी पहिलो त्रैमासिक आंकडाअनुसार नोमिनल GDP-मा आठ दशमलौ आठ प्रतिशतको वृद्धि भयो। कृषि र यससित सम्बन्धित क्षेत्रमा वास्तविक सकल मूल्य वर्धित (GVA) वृद्धि दर तीन दशमलौ सात प्रतिशत रह्यो, जबकि पछिल्लो वित्त वर्षको पहिलो त्रैमासिकमा यो एक दशमलौ पाँच प्रतिशत थियो।

--------------------------------------X--------------------------------------

- **BuildingsSEEI - Ministry of Electricity**

विद्युत मन्त्रालयले आज राज्य ऊर्जा दक्षता सूचकांक (SEEI) 2024 जारी गरेको छ। यो सूचकांकले राज्यहरूमा ऊर्जा दक्षताको क्षेत्रमा राम्रो कार्यप्रणालीलाई प्राथमिकता दिन, ऊर्जाको उपयोगको निगरानी गर्न र प्रतिस्पर्धात्मक सुधारलाई प्राथमिकता दिनमा महत्त्वपूर्ण भूमिका निभाउँदछ। सूचकांकअनुसार, शीर्ष प्रदर्शन गर्ने राज्यमा महाराष्ट्र, आन्ध्र प्रदेश, असम

र त्रिपुरा हुन्। मन्त्रालयले भनेको छ, सूचकांकको छैटौं संस्करण सात प्रमुख माग क्षेत्रका छ्यासट संकेतकहरूमा आधारित छ। यसमा भवन, उद्योग, नगरपालिका सेवा, परिवहन, कृषि, बिजुली वितरण कम्पनीहरू र विभिन्न क्षेत्रको पहल समावेश छ। SEEI 2024-ले वित्त वर्ष 2023-24-का लागि छत्तीसवटा भारतीय राज्य र केन्द्रशासित प्रदेशहरूको ऊर्जा दक्षता प्रदर्शनको आकलन गर्दछ।

---------------------------------------X---------------------------------------

- **TRAI - Digital Connectivity**

भारतीय दूरसञ्चार नियामक प्राधिकरण (TRAI)-ले आज भवनभित्र नेटवर्कको गुणवत्तामा सुधारका लागि आठ डिजिटल कनेक्टिविटी रेटिङ एजेन्सीहरूलाई स्वीकृति दिएको छ। मन्त्रालयले भनेको छ, यी एजेन्सीहरू अब भवनहरूमा डिजिटल कनेक्टिविटीको आकलन र रेटिङ गर्नका लागि अधिकृत छन्। TRAI-ले जानकारी दिएको छ कि यी पञ्जीकरण नियम र विनियमहरूको अधीन पाँच वर्षका लागि मान्य छ। मन्त्रालयले यो पनि भनेको छ कि यी एजेन्सीहरूले आधिकारिक नियमावलीअनुसार कनेक्टिविटीको आकलन गर्नेछन् र भवनमा प्रदर्शनको आधारमा उनीहरूलाई स्टार रेटिङ दिनेछन्। मन्त्रालयले यी रेटिङले खरिदकर्ता, किरायादार र व्यवसायीहरूलाई सम्पत्ति चयनको समय राम्रो निर्णय लिनमा सहयोग पुऱ्याउनेछन्।

---------------------------------------X---------------------------------------

- **Indian Navy - Saudi Arabia**

भारतीय नौसेनाक◌ा जहाज तमाल र सूरत स◌ाऊदी अरबको जेद्दा प◌ुगेका छन्। यस बन्दरगाह यात्राअवधि र◌ोयल स◌ाऊदी नेवल फोर्सेज तथा ब◌ोर्डर गार्ड्सक◌ा चालक दलक◌ो खेल गतिविधिम◌ा भाग ल◌िने, नौसेनाले सुविधासित परिचित ह◌ुनुपर्ने र भारत-स◌ाऊदी अरब सम्बन्धमा प्राथमिकता दिनमाथि चर्चा हुने आशा छ। रक्षा मन्त्रालयले भनेको छ, य◌ो यात्राले स◌ाऊदी अरबसित रक्षा सहयोग र मैत्रीपूर्ण सम्बन्धलाई दह्लिलो बनाउने भारतक◌ो प्रतिबद्धतामाथि जोड़ दिँदछ। यसबाट द◌ुवै देशक◌ा नौसेनालाई सर्वोत्तम पद्धति साझा गर्न तथा सहयोगक◌ा अवसर खोज्नमा सहयोग मिल्दछ।

INS तमाल तलवार श्रेणीक◌ो स्टील्थ फ्रिगेटक◌ो आठ◌ौं जहाज ह◌ो अनि INS सूरत भारतीय नौसेनाक◌ा नवीनतम स्वदेश निर्मित निर्देशित-मिसाइल विध्वंसक ह◌ो।

---------------------------------------X---------------------------------------

- **ESM-Job Fair**

केन्द्रिय रक्षा राज्य मन्त्री संजय सेठले आज पूर्व सैनिकहरूलाई नागरिक कार्यबलमा सशक्त बनाउन तथा समर्थन दिनका लागि रोजगार मेला आयोजना गरेकोमा पुनर्वास महानिदेशालयलाई बधाई दिनुभयो। रोजगार मेलामा रक्षा राज्य मन्त्रीले भन्नुभयो, यो मेला पूर्व सैनिकहरूलाई विकसित भारतका राजदूत बनउनमा सहायक साबित हुनेछ। रक्षा मन्त्रालयको पूर्व सैनिक कल्याण विभागद्वारा आयोजित यस मेलामा सेना, नौसेना र वायुसेनाका एक हजार पाँच सयभन्दा अधिक पूर्व सैनिक शामेल भए। यहाँ चालीस कम्पनीहरूले पूर्व सैनिकहरूलाई सात हजार पचासभन्दा अधिक रोजगारको प्रस्ताव दिए।

---------------------------------------X---------------------------------------

- **Education-CUTN Fund**

केन्द्रिय शिक्षा मन्त्रालयले तिरुवरुरस्थित केन्द्रिय तमिलनाडु विश्वविद्यालयमा व्यापक आधारभूत पूर्वाधार विस्तारका लागि उच्च शिक्षा वित्तीय एजेन्सीको माध्यमबाट तीन सय पचासी करोड़ रूपियाँभन्दा अधिकको कुल परिव्ययलाई स्वीकृति दिएको छ। नयाँ अनुमोदित कोष उन्नत शैक्षणिक ब्लक, विद्यार्थी र शोधार्थीहरूका लागि अतिरिक्त छात्रावाससहित नयाँ शैक्षणिक तथा आवासीय सुविधा निर्मित गर्नमा केन्द्रिय तमिलनाडु विश्वविद्यालयका लागि सहायक हुनेछ।

---------------------------------------X---------------------------------------

- **Goyal-India-Africa**

केन्द्रिय वाणिज्य तथा उद्योग मन्त्री पीयूष गोयलले आज 2030-सम्म द्विपक्षीय व्यापारलाई दुईगुना गर्न भारत तथा अफ्रीकाको सम्बन्धमाथि कार्य गर्ने कुरा बताउनुभयो। नयाँ दिल्लीमा बीसौं भारतीय उद्योग परिसंघ इण्डिया-अफ्रीका व्यापार सम्मेलनको समापन सत्रलाई सम्बोधन गर्दै श्री गोयलले भन्नुभयो, भारत तथा अफ्रीकाबीचको व्यापार पूर्णरूपमा सन्तुलित छ। भारतको निर्यात बयालीस बिलियन डलरभन्दा अधिक र आयात चालीस बिलियन डलरमा छ।

---------------------------------------X---------------------------------------

- **PM Sports Day**

देशभरि आज राष्ट्रिय खेल दिवस पालन गरियो। यो दिवस प्रत्येक वर्ष दिग्गज हक्की खेलाड़ी मेजर ध्यानचन्दको जयन्तीमा पालन गरिन्छ।

यस अवसरमा प्रधानमन्त्री नरेन्द्र मोदीले बधाई दिनुभएको छ। सोशल मिडिया पोस्टमा श्री मोदीले दिग्गज हक्की खेलाडी ध्यानचन्दलाई श्रद्धाञ्जली अर्पण गर्नुभयो। उहाँले भन्नुभएको छ, मेजर ध्यानचन्दको विरासतले पीड़िहरूलाई प्रेरित गरिरहनेछ। प्रधानमन्त्रीले भन्नुभयो, युवा प्रतिभाहरूलाई प्रोत्साहन दिनदेखि लिएर विश्वस्तरीय आधारभूत पूर्वाधार विकसित गर्ने कार्यक्रमबाट देशको खेल परिदृश्य क्रान्तिकारी परिवर्तनबाट पार भइरहेछ। श्री मोदीले भन्नुभयो, सरकार खेलाडीहरूलाई समर्थन दिन, आधारभूत पूर्वाधार निर्माण र भारतलाई उत्कृष्ट खेलको वैश्विक केन्द्र बनाउन प्रतिबद्ध छ।

यसैक्रममा केन्द्रिय युवा मामिला एवं खेल मन्त्री डाक्टर मनसुख माण्डवियाले भन्नुभयो.......

डाक्टर माण्डवियाले भन्नुभयो, केन्द्रिय मण्त्रीमण्डलको स्वीकृतिसितै भारतले 2030-को राष्ट्रमण्डल खेलका लागि आशय पत्र प्रस्तुत गरेको छ। उहाँले भन्नुभयो, देशले 2036-को ओलम्पिक खेलको आयोजनाका लागि पनि आफ्नो दावेदारी प्रस्तुत गरेको छ।

यता सिक्किम राज्य पनि आज मेजर ध्यानचन्दको जयन्तीमा उहाँलाई श्रद्धाञ्जली दिएर राष्ट्रिय खेल दिवस पालन गर्न राष्ट्रको साथमा अघि आयो। सिक्किम सरकारले आजदेखि एकतीस अगस्तसम्म विभिन्न खेल गतिविधिका साथ राष्ट्रिय खेल दिवस 2025-को राज्य स्तरीय समारोह आयोजन गरेको छ।

---------------------------------------X---------------------------------------

अन्तमा प्रमुख समाचार पुनः एकपल्ट

- प्रधानमन्त्रीले टोक्योकमा लिनुभयो पन्द्रौं भारत-जापान वार्षिक शिखर सम्मेलनमा भाग
- गृह मन्त्रीद्वारा गोलाप बोरबोराको जन्म शताब्दी समारोहको शुभारम्भ
- भारतको GDP अप्रेल-देखि जून तीन महिनामा सात दशमलौ आठ प्रतिशतको दरले बढ्ने अनुमान
- विद्युत मन्त्रालयद्वारा राज्य ऊर्जा दक्षता सूचकांक 2024 जारी अनि
- TRAI-द्वारा नेटवर्कको गुणवत्तामा सुधारका लागि आठ डिजिटल कनेक्टिविटी रेटिङ एजेन्सीलाई स्वीकृति